# उत्कृष्ट कर्मचारी छनौट कार्यविधि, २०८२

जिल्ला प्रशासन कार्यालय,

ताप्लेजुङ

# जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ
# उत्कृष्ट कर्मचारी छनौट कार्यविधि, २०८२

प्रस्तावनाः

सार्वजनिक सेवा प्रवाहमा दक्षता, पारदर्शिता, जवाफदेहिता, इमान्दारी र सदाचारिताको प्रवर्द्धन गर्नका लागि कर्मचारीको मनोबल अभिवृद्धि गर्नु अपरिहार्य हुन्छ। सेवाग्राहीमुखी सेवा प्रवाहमा योगदान दिने, कार्यसम्पादन स्तरमा निरन्तर सुधार ल्याउने र उदाहरणीय कार्य सम्पादन गर्ने कर्मचारीलाई प्रेरित तथा सम्मानित गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय ताप्लेजुङको मिति २०८२/०४/२९ गतेको कर्मचारी बैठक निर्णयानुसार यो "उत्कृष्ट कर्मचारी छनौट कार्यविधि, २०८२" तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

यस कार्यविधि अन्तर्गत प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङमा कार्यरत कर्मचारीहरूबाट मध्ये निर्धारित मापदण्डका आधारमा एकजना उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान गरिनेछ। यसले सार्वजनिक सेवा प्रवाह गर्ने क्रममा कर्मचारी अनुशासन, कार्यकुशलता र प्रतिबद्धताको संस्कृति विकास गर्न मद्दत पुग्ने अपेक्षा लिइएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१. यस कार्यविधिको नाम "उत्कृष्ट कर्मचारी छनौट कार्यविधि, २०८२"हुनेछ।

१.२. यो कार्यविधि जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङमा २०८२ सालदेखि कार्यान्वयनमा आउनेछ।

१.३. यो कार्यविधि प्रमुख जिल्ला अधिकारीबाट स्वीकृति भएपछि लागू हुनेछ।

## २. उद्देश्य

यस कार्यविधि तर्जुमाको उद्देश्य निम्न बमोजिम रहेको छ।

२.१. कार्यालयमा कार्यरत कर्मचारीहरूको कार्यकुशलता, सेवा प्रवाहमा प्रतिबद्धता, नियमितता, अनुशासन र नवप्रवर्तनशील कार्यको मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारी छनौट गर्नु।

२.२. कर्मचारीमा कामप्रति सजग, जिम्मेवार, अनुशासन र सेवाभावयुक्त भावनाको विकास गर्नु।

२.३. उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीको मनोबल बढाउनु।

२.४. सेवाप्रदायक संस्थामा सकारात्मक प्रतिस्पर्धाको वातावरण बिकास गर्नु।

## ३. छनौट मापदण्ड (१०० अंक आधारमा)

| सि.नं. | सूची | अंक |
|---|---|---|
| १ | कार्यसम्पादनको गुणस्तर तथा समयपालन | २५ |
| २ | सेवा प्रवाहमा सेवाग्राही सन्तुष्टि | २० |
| ३ | नवप्रवर्तनशील कार्य/सुधार पहल | १५ |
| ४ | अनुशासन, सहभागिता तथा सहकार्य | १५ |
| ५ | कार्यालयमा उपस्थितिको नियमितता | १५ |
| ६ | इमानदारी, जिम्मेवारी तथा उत्तरदायित्वको भावना | १० |
| जम्मा अंक | | १०० |

२०८२/०४/२९

जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ताप्लेजुङ

## ४. छनौट प्रक्रिया

४.१. छनौटका लागि कार्यालय प्रमुखको संयोजकत्वमा निम्नानुसारको तीन सदस्यीय छनौट समिति रहनेछ।

क) प्रमुख जिल्ला अधिकारी - संयोजक
ख) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य
ग) गत बर्ष सम्मानित कर्मचारी - सदस्य

४.२. समितिबाट कर्मचारीहरूको मूल्याङ्कन विगत एक वर्षको कार्यसम्पादन अभिलेखका आधारमा गरिने छ।

४.३. आवश्यक परेमा कार्यालय प्रमुखबाट सेवाग्राही सुझाव लिन सकिनेछ।

४.४. छनौट प्रक्रिया पारदर्शी र निष्पक्ष हुनेछ।

४.५. उत्कृष्ट कर्मचारीको नाम कार्यालयको वेबसाईट र फेसबुक पेज मार्फत सार्बजनिक गरिनेछ।

## ५. पुरस्कार/सम्मान

५.१. प्रत्येक बर्ष कार्यलयबाट एकजना उत्कृष्ट कर्मचारी छनौट गरिनेछ।

५.२. उत्कृष्ट कर्मचारीलाई निम्न बमोजिम सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

क) प्रशंसा पत्र
ख) नगद पुरस्कार

५.३. छनौट भएका कर्मचारीलाई निजामती सेवा दिवस, भाद्र २२ को अवसरमा पुरस्कार तथा सम्मान गरिनेछ।

## ६. बाधा अड्काउ फुकाउ

६.१. यो कार्यविधिमा स्पष्ट नभएका वा अन्यथा देखिएका विषयहरूमा निर्णय गर्ने अधिकार कार्यालय प्रमुखलाई रहनेछ।

६.२. कार्यविधिको आवश्यकतानुसार पुनरावलोकन र संशोधन गर्न सकिनेछ।

२०८१/०४/२५

प्रमुख जिल्ला अधिकारी